# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............. योजना कार्यान्वयन शाखा)

पत्र संख्या :-

चलानी नं. :- ६४२१

रामशाहपथ काठमाडौं

२०७३/११/२

मिति :-..........................


विषय:- परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालयहरु जनकपुर, वीरगञ्ज, हेटौडा, पोखरा, बाग्लुङ्ग र जिल्ला सरकारी वकील कार्यालय धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, मकवानपुर, चितवन,गोरखा, लमजुङ्ग, तनहुँ, कास्की, स्याङ्गजा, मनाङ्ग, पर्वत, मुस्ताङ्ग, म्याग्दी, बाग्लुङ्ग, दोलखा, काभ्रेपलानचोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ्ग, सिन्धुली, रामेछाप ।

प्रस्तुत विषयमा नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ र नेपालका अनुसन्धनकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन २०७३ को समीक्षा तथा घोषणापत्र कार्यान्वयनका लागि मार्गदर्शन गर्न एवं महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको हाल सम्मको कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गर्न उल्लिखित कार्यालयका सरकारी वकीलज्यूहरुलाई देहायको मिति, समय र स्थानमा उपस्थिति हुन निर्देशानुसार अनुरोध गर्दछु ।

**मितिः- २०७३/११/२७**      **समयः- दिउँसो ११:०० बजे**

**स्थानः- चितवन**

उल्लिखित कार्यक्रममा सहभागी हुन आँउदा -

- प्रत्येक सरकारी वकील कार्यालयले समन्वय समितिको बैठक आयोजना गरी सो को निर्णयको प्रतिलिपि सहित आँउने ।
- महान्यायाधिवक्ताको कार्यालयबाट सरोकारवाला निकायहरु सँग छलफल गर्नका लागि बजेट निकासा भएको कार्यलयहरुले सो अनुसार सरोकारवालाहरु सँग अन्तरक्रिया गर्न बाँकी भए सो कार्यक्रम गरी कार्यक्रमको प्रतिवेदन सहित आउनुपर्ने ।
- रणनीतिक योजनाको कार्यान्वयनका लागि गरेका प्रयासहरुको बारेमा प्रत्येक कार्यालयले प्रगति विवरण लिएर कार्यक्रममा आउनुपर्ने ।
- आफ्नो कार्यालयको पीडित मैत्री कक्षको व्यवस्थापनको अवस्था र यस वर्ष सो प्रयोजनका लागि रकम निकासा भएको भए सो को प्रगति समेत लिएर आउने ।

**नोटः-** सुलभ खर्चको यातायातको साधन प्रयोग गर्ने/दैनिक तथा भ्रमण भत्ता नियमानुसार महान्यायाधिवक्ताको कार्यालयबाट पाउने ।

२०७३।११।२

(टेकनाथ अधिकारी)

शाखा अधिकृत


☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१

एक्सचेन्ज :- ४-२१८०९७ ४-२१८०११ ४-२६२४१४ ४-२६२५०६